नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार,काठमाण्डौ

पत्र संख्याः २०७७/०७८ फोन नं. ४२००३१७

चलानी नं. मितिः २०७७/१२/०१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको प्रेस नोट

जनताको सबैभन्दा नजिक रही सेवा प्रवाह गर्ने स्थानीय तहको केन्द्रसम्म पक्की सडक सञ्जाल विस्तार गरी बाह्रै महिना सहज एवम् सर्वसुलभ यातायात सञ्चालन गर्ने प्रमुख उद्देश्यका साथ चालू पन्ध्रौं योजनामा रुपान्तरणकारी आयोजनाको रुपमा र चालु आ.ब. को नीति कार्यक्रम तथा बजेटमा समावेश भएको **प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम** (PLRCIP) सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट आज मिति २०७७ चैत्र १ गते विद्युतीय माध्यमबाट शुभारम्भ गर्नु भयो।

सम्माननीय प्रधानमन्त्रीज्यूले कार्यक्रम सुभारम्भ गर्दै आजको दिन समृद्ध नेपाल निर्माणको लागि महत्वपूर्ण क्षण भएको बताउनु हुँदै राष्ट्रिय र अन्तराष्ट्रिय अनुभवबाट समेत पाठ सिकेर सुरक्षित तथा भरपर्दो सडक बनाउन निर्देशन दिनुभयो। सम्माननीय प्रधानमन्त्रीज्यूबाट वर्तमान सरकारले विकासको गतिलाई तिव्रता प्रदान गरेको बताउँदै गुणस्तरीय, फराकिला, पक्की तथा सुरक्षित सडक विकास गर्दै जाने उल्लेख गर्नु बताउनु भयो। यस कार्यक्रमबाट हासिल हुने भौतिक विकासले सामाजिक विकासलाई माथि उठाउने तथा जनताको चेतना उकास्न सघाउने हुदा तीनै तहका सरकारको सहभागितामा यस कार्यक्रमलाई सफल बनाउन आव्हान समेत गर्नु भयो ।

सो कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय गणेश सिंह ठगुन्नाज्यूले स्वागत गर्दै कार्यक्रमको लक्ष्य र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो। उहाँले प्रारम्भिक अनुमान अनुसार करिब २८३ स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी वा राष्ट्रिय सडक सञ्जालसँग जोड्नुपर्ने देखिएको हुँदा यस कार्यक्रमबाट ती सबै सडकहरु पक्की सडकमा रुपान्तरित हुने बताउनु भयो ।साथै उहाँले यस कार्यक्रम मार्फत करिव ४००० कि.मी सडक पक्की गरिने तथा ११०० वटा सडक पुल निर्माण गरिने हुँदा नेपाल सरकारले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोंचलाइ साकार पार्न यस कार्यक्रमले महत्वपूर्ण योगदान गर्ने विचार व्यक्त गर्नु भएको थियो।

यस कार्यक्रमको कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको लागत सहभागितामा रहने हुँदा पक्की सडक सञ्जाल नपुगेका स्थानीय तहमध्ये आजै सात वटै प्रदेशमा आयोजित कार्यक्रममा एक सयभन्दा बढी आयोजनाका लागि स्थानीय तहका प्रतिनिधि, सम्बन्धित प्रदेश सरकारका प्रतिनिधि तथा नेपाल सरकारका प्रतिनिधिबीच समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्य समेत एकैसाथ सम्पन्न भएको छ भने बाँकीको समेत क्रमश हस्ताक्षर हुने कार्यक्रम रहेको छ। पाँच वर्षमा सम्पन्न गर्ने उद्देश्य रहेको यस कार्यक्रम कार्यान्वयनका लागि करिब २ खर्ब बजेट आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ ।

कार्यक्रममा नेपाल सरकारका माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, नेपाल सरकारका मुख्यसचिव तथा सचिवज्यूहरु लगायतका विशिष्ठ व्यक्तिहरुको उपस्थिति रहेको थियो । साथै विद्युतीय माध्यमबाट प्रदेश सरकारका माननीय मुख्य मन्त्रीज्यूहरु, प्रदेश सरकारका मन्त्रीज्यूहरु तथा स्थानीय तहका प्रमुखज्यूहरु लगायतको उपस्थिति रहेको थियो ।

मिति २०७७ चैत्र १, काठमाण्डौं ।